# प्रश्न नं. १४

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एल.एल.वि. द्बितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरण: (कक्षा रोल्नं.१५८६ देखि १७०७ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

मोहनवहादुर भण्डारीको जाहेरीले नेपाल सरकार

विरुद्ध

नुवाकोट जिल्ला पञ्चकन्या गाउँपाकि वडा नं. १ वस्ने राजु भन्ने दमन कुमार लामा समेत

**मुद्दा :** ज्यान सम्वन्धी कसूर

१. मेरो भतिजा महेन्द्रवहादुर भण्डारीलाई मिति २०७५।८।१ गतेका दिन राजु भन्ने दमन कुमार लामाले विहान पसलमा लुटपिट गरे। वेलुका थेवा भन्ने रामवहादुर तामाङलाई साथै लिई गएको र भोली पल्ट ढोका खोल्दा महेन्द्र रगत पक्ष भई मृत अवस्थामा फेला परेकोले राजु भन्ने दमन कुमार लामा, सुव्वा तामाङ र थेवा भन्ने रामवहादुर तामाङहरुले कर्तव्य गरी मारेकाले कानून बमोजिम कारवाही गरी पाउँ भन्ने जाहेरी दरखास्त।

२. टाउको काटिएको मुख नाक च्यापुमा माटो लागेको आखा वन्द रहेको आँखा वरी परी निलडाम देखिएको भन्ने लाश प्रकृति मुचुल्का।

३. मेरो श्रीमान मिति २०७५।८।१ गते साझ थेवा भन्ने रामवहादुर तामाङसँग जानु भयो। मैले चियो गर्दा थेवा भन्ने रामवहादुरको घर तर्फ गएकी देखेको हुँ। भोलीपल्ट विहान ढोका खोली वाहिर निस्कदा आगनमा श्रीमानको मुखबाट रगत आएको रहेछ वोलाउदा मरि सकेका रहेछन मेरो श्रीमानलाई कर्तव्य गरी मारेकोमा विश्वास लाग्छ भन्ने मृतकको श्रीमती कमला देवी भण्डारीले प्रहरीमा गरेको कागज।

४. मिति २०७५।८।१ गते ११ वजेको समयमा सुव्वाले १ वोतल रक्सी माग्यो मेरो श्रीमतीले रक्सी दिए पछी मेरो साथै रहेका महेन्द्र भण्डारीलाई पनि रक्सी खान हुन्न भन्दै दमनको रक्सी फालिदियो। त्यतिकैमा दमन सुव्वा विच रक्सीको वटुका फाल्ने भनाभन हुदै महेन्द्र माथि दम कुमार र सूव्वाले लात्ती मुडकीले हिर्काउन थाले। यत्तीकैमा महेन्द्रलाई घर भित्र थुने पछि झगडा टुगियो। वेलुका म कोदालो राख्न थेवा भन्ने राम वहामदुरको घरमा जाँदा महेन्द्र त्यही रहेछ। १५,२० मिनेट पछी म र महेन्द्र मेरो घर तिर गयौ। मेरो घरमा आधा माना जति रक्सी खाए र अ ८.३० वजे तिर महेन्द्र हिडेको थियो भोली पल्ट मरेको कुरा सुनेको हुँ भन्ने जितवहादुर लामाको कागज।

५. मिति २०७५।८।१ गते जितवहादुरको घरमा महेन्द्र माथि लुटपिट भएको र सोही साझ पटक पटक थेवा भन्ने रामवहादुर तामाङले महेन्द्रलाई वोलाउन गएको ६.३० वजे साझ तेल वोकाई गएकोले मार्ने मराउनेमा थेवा रामवहादुर तामाङको सहमति भएकोमा मलाई विश्वास लाग्छ भन्ने टेक लाल श्रेष्ठको कागज।

६. जितवहादुरको घरमा कुटपिट हुँदा मान्छेहरुले छुटयाएकोले रिस खपी उकालो लाग्यौ र अव के गर्ने यहि कुरेर वसौ आएपछि सिध्याउनु पर्छ भनी महेन्द्रको चियो गरी वस्दा साझमा महेन्द्र रामवहादुरको घरमा लागेको देखे पछि महेन्द्र घर आउने वाटो मोड भन्ज्याङ्मा लुकी कुरी वसियो। फर्केर आउदा भेट भयो र तैले हामीलाई भोटे साले भन्दै वेइज्जत गरेको भनी सुव्वा तामाङले घाटीमा समाई म दमनले वक्सीङले जथाभावी हानि मारे र लास वोकी लगी मृतकको घर आगनमा सुताई दिएका हौ भन्ने दमन कुमार लामा र सुव्वा तामाङको एकै मिलानको प्रहरीमा गरेको छुट्टाछुट्टै कागज।

७. मिति २०७५।८।१ गतेका दिन जितवहादुरको घरमा दमन र सुव्वाले मृतक महेन्द्र माथि कुटपिट झै झगडा गरेको र सोही रात थेवा भन्ने रामवहादुर तामाङको परिपञ्च र सहमतिमा महेन्द्र भण्डारीलाई मारी फालेकोमा विश्वास लाग्छ भन्ने व्यहोराको सर्जमिन मुचुल्का।

८. महेन्द्रलाई मार्नमा मेरो हात छैन। ७:३० वजे जितवहादुरसँग महेन्द्र पनि मेरो घरबाट निस्की गएका हुन्। महेन्द्र र म उसको घरबाट निस्कदा दमनले चियो गरेका हुन सक्दछ। प्रतिवादीहरु मेरो नाता भित्रका मानिस हुन। सर्जमिनका आरोपका सम्वन्धमा मेरो केहि भन्नु छैन। महेन्द्रको घरबाट तेल वोकी हामी सगै निस्केका हौ भन्ने व्यहोराको प्र. थेवा भन्ने रामवहादुर तामाङले प्रहरीमा गरेको वयान।

९. मेरुदण्डको चोटको असर टाउकोमा परी मृत्यु भएको देखिन्छ भन्ने लास जाँच प्रतिवेदन।

१०.मिति २०७५।८।१ गतेका दिन विहान महेन्द्रवहादुरको सुव्वा र दमनसँग कुटपिट भएकोले महेन्द्र घर भित्र हुँदा धनवहादुर समेतका मानिस लाई किन झगडा गरेको भने पछि निजहरु डाडा तिर लागे। भोलीपल्ट विहान महेन्द्रलाई कुटपिट गरी कर्तव्यबाट मारेको अवस्थामा निजकै घर आगनमा लाश भएको हुँदा निजैहरुको कर्तव्यबाट महेन्द्र मरेको हो भन्ने कुरामा मलाई विश्वास लाग्छ भनि फुलमाया लामाले प्रहरीमा गरेको कागज।

११.थेवा भन्ने रामवहादुर तामाङलाई मत र सल्लाहामा लिई दमन लामा र सुव्वा तामाङले महेन्द्रलाई मार्ने उद्देश्यले पटक पटक लिन पठाई सोही दिन वेलुकी ६:३० वजे तल घरमा पुर्याई दिने वहाना रचि महेन्द्रलाई घरबाट उम्काई थेवा भन्ने रामवहादुरले आफ्नो घरमा लगी जितवहादुर समेत आएको वखत रक्सी खुवाई रातमा पठाएको र १ घण्टा पछी मोड भन्ज्याङ्मा कुरी वसेको प्रतिवादीहरुले समाती मारी मृतक महेन्द्रलाई निजकै घर आगनमा पुर्याएको स्पष्ट भएको हुँदा राजु भन्ने दमन कुमार लामा र सुव्वा तामाङलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) को कसूरमा ऐ. दफा १७७(२) अनुसार र थेवा भन्ने रामवहादुर तामाङलाई सोही संहिताको दफा ३६(३)(ख) बमोजिम हदैसम्मको सजाय गरी पाउँ भन्ने अभियोग दावी।

१२. सवै प्रतिवादीहरुले अदालतमा गरेको ईन्कारी वयान।

१३. नुवाकोट जिल्ला अदालतको फैसला।

१४.नुवाकोट जिल्ला अदालतको फैसला उपर उच्च अदालत पाटनमा परेको पुनरावेदन पत्र।